# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मितिः २०७७।०२।३०

### प्रेस विज्ञप्ति

काठमाडौंबाट प्रकाशित हुने जनआस्था साप्ताहिकको अनलाईन संस्करण ‘जनआस्था डटकम’ मा प्रकाशित समाचारको विषयलाई लिएर नेकपा विप्लव समुहका प्रकाण्डद्वारा विज्ञप्ति जारी गरेर उक्त अनलाईनलाई धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

जेठ २६ गते बेलुकी ८:०० बजे उक्त अनलाईनमा प्रकाशित ‘विप्लवका रणनीतिका बेलिविस्तार’ शीर्षक समाचारलाई लिएर प्रकाण्डद्वारा अनलाईनविरुद्ध धम्कीपूर्ण विज्ञप्ति जारी गरिएको महासंघमा जानकारी प्राप्त भएको छ ।

प्रकाशित/प्रसारित समाचारको विषयमा चित्त नबुझे या गुनासो रहे त्यसउपर सम्बन्धित सञ्चार माध्यममार्फत खण्डन गर्ने, कानुनी उपचार खोज्ने वा प्रेस काउन्सिलमा उजुरी दिनुको साटो विज्ञप्ति निकाली धम्की दिनु प्रेस स्वतन्त्रताविरुद्ध हुने महासंघको ठहर छ । महासंघ प्रेस स्वतन्त्रताको सम्मान गर्न र यस्ता कार्य नदोहोर्‍याउन सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।

रमेश विष्ट
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org